# प्रदेश सवारी तथा यातायात नीति
# २०७५

प्रदेश सरकार

## भौतिक पूवाधार विकास मन्त्रालय

## प्रदेश नं. ५

बुटवल, नेपाल

## १. पृष्ठभुमी :

नेपालको संविधानको अनुसूची ५ ले व्यवस्था गरेका प्रदेशका अधिकार सूचीमध्ये क्रम संख्या ७ मा प्रदेश स्तरको परिवहन भनि उल्लेख भएकोले प्रदेश स्तरको सवारी तथा यातायात नीति तजुमा गरी मुलुकको भौगोलिक बनोट एवं प्राकृतिक अवस्था सुहाउँदो र बढ्दो शहरीकरणको प्रक्रियालाइ धान्न सक्ने एक्काइसौं शताब्दीको गतिशिल एवं समृद्ध प्रदेशको रुपमा स्थापित गर्न सक्ने यातायात प्रणालीको विकास गर्न हाम्रो आकाङ्क्षा हो । न्युनतम स्रोतबाट शीघ्रातिशीघ्र दुर्गम एवं पिछडिएको क्षेत्रमा यातायात सुविधा पुर्‍याउन, विद्युतीय यातायात संरचनालाइ भरपर्दो तुल्याउनु र अन्तर्राष्ट्रियस्तरको यातायात प्रणालीको विकास गर्न तथा खनिज इन्धनको विश्वव्यापी बढ्दो उपयोग, आकाशिँदै गएको मूल्य एवं यसको सिमितताको कारणले गर्दा राष्ट्रिय स्तरमा समेत बढ्दै गएको व्यापार घाटा, वैदेशिक मुद्राको बहिर्गमन, वैदेशिक निर्भरता, वातावरण प्रदुषण, जलवायु परिवर्तनको यातायात क्षेत्रबाट वातावरणमा उत्पन्न हुने नकारात्मक असरलाइ न्युनिकरण गर्दै हरित विकास गर्नुपर्ने आवश्यकता भएकोले सवारी साधनहरुलाइ वातावरणमैत्री सवारी तथा यातायात साधनको रुपान्तरण गर्न सरकारी तथा निजी क्षेत्रको प्रयासलाइ समयानुकुल प्राथमिकता र प्रोत्साहन पुर्‍याइ सम्बद्ध पक्षहरुबीच साझेदारीको रुपमा प्रदेश सरकार स्थापित भइ वैकल्पिक वा नविकरणीय ऊर्जाबाट संचालन हुने वातावरणमैत्री सवारी तथा यातायात नीति लगायत कानुनी पक्षको कमी हुन नदिइ वातावरणमैत्री तथा विद्युतीय यातायात (Electricity Based Transport System) को विकास गर्न समेत जरुरी भएको साथै यस प्रदेशभित्रका धार्मिक एवं पर्यटकीय क्षेत्रको पहिचान गरी रेलवे, रोपवे, केबुलकार तथा जलमार्गको विकास तथा विस्तार गर्नुका साथै स्वदेशी सीप र प्रविधिको प्रयोगबाट प्रदेशमा उपलब्ध हुने उत्पादनका साधन र स्रोतको समुचित व्यवस्थापन तथा उपयोगद्वारा संरक्षण एवं प्रवर्द्धन गर्दै सार्वजनिक निजी साझेदारी, सरकारी सहकारी स्वदेशी तथा वैदेशिक लगानीलाइ परिचालन गरी उत्पादन तथा रोजगारको अवसर वृद्धि गरी प्रदेशले लिएको "समृद्ध प्रदेश-सुखी जनता" नारालाइ सार्थक बनाइ प्रदेशको अर्थतन्त्र सबल गतिशील तथा प्रतिष्पर्धी, आत्मनिर्भर अर्थतन्त्रको निर्माण गरी संविधानले परिकल्पना गरेको समावेशी समाज निर्माण गर्न दिगो यातायात प्रवर्द्धनले मद्दत पुर्‍याउने उद्देश्यले नीतिगत तथा कानुनी व्यवस्थाको आवश्यकता महशुस गरिएकोले यो नीति तर्जुमा गरिएको छ ।

## २. उद्देश्य :

प्रदेश सवारी तथा यातायात नीति २०७५ का देहायबमोजिम उद्येश्य रहेका छन् ।

२.१. भौगोलिक भू-बनोट एवं प्राकृतिक अवस्था सुहाउँदो र बढ्दो सहरीकरणको प्रकृयालाई धान्न सक्ने बैज्ञानिक यातायात प्रणालीको विकास गर्नु ।

२.२. न्यूनतम स्रोत बाट दुर्गम एवं पिछडिएको क्षेत्र, ग्रामिण बस्तिहरुमा चाँडो भन्दा चाँडो यातायात सुविधा पुर्‍याइ क्षेत्रीय सन्तुलन कायम गरी बसाइ सराई जस्ता प्रकृयाहरुमा न्यूनीकरण गर्दै जनताको जिवनस्तर माथि उकास्नु ।

२.३. अन्तर्राष्ट्रिय स्तरको यातायात प्रणालिको विकास गर्नु ।

२.४. खनिज पदार्थको बढ्दो उपयोग, मुल्यबृद्धि, यातायात क्षेत्रबाट वातावरणमा उत्पन्न हुनसक्ने नकरात्मक असरलाई न्यूनीकरण गर्न वैकल्पिक तथा नविकरणिय उर्जाबाट संचालन हुने विद्युतिय यातायात (Electricity Based Transport System) को विकास गर्नु ।

२.५. पर्यटकिय क्षेत्रको पहिचान तथा यातायातको पहूँच वृद्धि गरी सामाजिक, साँस्कृतिक, ऐतिहासिक महत्व राख्ने पर्यटकिय क्षेत्रको विकास गर्नु ।

२.६. सडक यातायात, रेलवे सेवा, जलमार्ग, केवलकार, रोपवे को विकास गर्नु ।

२.७. दिगो, भरपर्दो, कम खर्चिलो, सुविधायुक्त, सुरक्षित, विस्वासयोग्य, वातावरमैत्री यातायात प्रणालिको विकास गर्नु ।

२.८. यातायात क्षेत्रमा सरकारी लगानीको अतिरिक्त निजि क्षेत्र, सहकारी क्षेत्र, बैदेशिक लगानीलाई आकर्षित गरी उत्पादन तथा रोजगारीका अवसर सिजना गरी सबल, गतिसिल, प्रतिस्प्रधी, आत्मनिभर प्रदेशको अथतन्त्र निमाण गनु ।

## ३. विषयगत क्षेत्रको स्थिती

### ३.१. प्रदेश नं. ५ को सडक सञ्जालको स्थिति :

प्रदेश नं. ५ अन्तगत पन सबै जिल्ला सदरमुकामहरु जोड्ने सडकहरु मध्ये रुकुम पूवको सदरमुकाम बाहेक कालोपत्रे भैसकेको र राष्ट्रियस्तरका लोकमागहरुमा महेन्द्र लोकमाग, सिद्धार्थ लोकमाग, रत्न लोकमाग, यसै प्रदेशको भु-भागबाट संचालन भएको र दक्षिणी सिमाना रुपन्देहीको वेलहिया, बाँकेको रुपैडिया, कपिलवस्तुको कृष्णनगर, दाङको कोइलावास, नवलपरासी (पश्चिम) को महेशपुर जस्ता अन्तराष्ट्रिय नाकाहरु यस प्रदेशमा भएकोले व्यापारिक माग (Trade Road) र कालिगण्डकी करिडोरको एक चौथाई भाग पनि यसै प्रदेशभित्र विद्यमान रहेको र यसको अतिरिक्त मानव विकास सुचकांकको आधारमा पछाडी परेका तराइका विभिन्न क्षेत्रहरुको आथिक समृद्धिको संवाहकको रुपमा लिइएको हुलाकी राजमाग, हरेक स्थानीय तहको केन्द्रसम्म सडक सञ्जालको विस्तार गन नीति प्रदेश सरकारले अंगीकार गरी आगामी वषहरुमा ति स्थानहरुमा सडक विस्तार गनुपन समेत आवश्यकता रहेको छ । प्राप्त तथ्याङ्कलाइ विश्लेषण गर्दा यस प्रदेशभित्र देहायका सडकहरु रहेका छन् ।

- लोकमाग - ६१७.२७ कि.मि.
- हुलाकी लोकमाग - १७९.५ कि.मि.
- सहायक लोकमाग - १७६१.४ कि.मि. (४१ वटा)
- मुख्य जिल्लास्तरीय सडक - ४३०४ कि.मि.
- मुख्य गाउँस्तरीय सडक - ५१६५ कि.मि.
- मध्यपहाडी लोकमाग - ५५ कि.मि.
- कालिगण्डकी करिडोर - १२० कि.मि.

### ३.२. रेल मागको स्थिति :

प्रदेश नं. ५ भित्र हालसम्म कुनैपनि रेलमाग संचालनमा नरहेको । संघिय सरकारले बैदेशिक लगानीमा गौतम बुद्धको जन्मस्थल लुम्बिनि देखी पोखरा सम्मको सम्भाव्यता अध्ययन र पूव पश्चिम रेलमागको समेत सम्भाव्यता अध्ययन र बिस्तृत आयोजना प्रतिवेदन तयार पान क्रममा रहेको ।

### ३.३. जलमागको, केवलकार, रोपवेको स्थिति :

प्रदेश नं. ५ भित्र हालसम्म कुनैपनि जलमाग, केवलकार तथा रोपवे संचालनमा नरहेको । यस प्रदेशका विभिन्न पयटकिय स्थलहरुमा निजि क्षेत्रको लगानीमा केवलकार निमाणको लागि सम्भाव्यता अध्ययन भइरहेको । जलमागको प्रचुर सम्भावना रहेको ।

## ४. रणनीतिहरु :

४.१. प्रदेशस्तरबाट निमाण हुने यातायात सम्बन्धी पूवाधारको स्पष्ट सीमा र क्षेत्र तोकिनेछ र यसबाट सृजना हुने दायित्व प्रदेश सरकारले लिनेछ ।

४.२. प्रदेशभित्र पन प्रदेशस्तरको मापदण्ड भन्दा बृहत निमाण तथा यातायात सम्बन्धी पूवाधार विकासको लागि प्रदेश सरकारले संघीय सरकारसँग र सो मापदण्ड भन्दा साना निमाण तथा यातायात पूवाधार विकासको लागि स्थानीय सरकारसँग समन्वय गरी गरिनेछ ।

४.३. यातायात सम्बन्धी पूवाधार निमाणको लागि निजी क्षेत्रको भूमिकालाइ प्रभावकारी बनाइनेछ साथै संघ-प्रदेश साझेदारी, प्रदेश-प्रदेशको साझेदारी, प्रदेश-स्थानीय सरकार साझेदारी र सरकारी-सहकारी साझेदारी, सहकारी-सहकारीबीच साझेदारी र सरकारी-निजी साझेदारीका आधारमा यातायात तथा सो सम्बन्धी पूवाधार निमाण गरिनेछ।

४.४. बैदेशिक लगानीलाई आकर्षित गरि समग्र यातायात क्षेत्रको विकास गन प्रदेश सरकार समन्वयकारी भूमिका निवाह गनछ ।

## ५. नीति :

माथि उल्लेखित उद्देश्यहरु पुर्ति गनका लागि देहायबमोजिमका नीति अख्तियार गरिनेछ ।

५.१. प्रदेशस्तरमा निमाण हुने यातायात संरचनाहरुको अल्पकालिन, मध्यकालिन तथा दीर्घकालीन प्रदेश गुरुयोजना निमाण गरी सोही अनुसार निमाण र विस्तार गरिनेछ । सम्पूण सडक र पुलहरुको लगत (Inventories) तयार गरी अद्यावधिक गरिनेछ ।

५.२. संघीय सरकार र स्थानीय सरकारसँग प्रदेश सरकारको समन्वयात्मक भूमिकालाइ प्रभावकारी र परिणाममुखी बनाइनेछ ।

५.३. प्रदेशस्तरीय ठुला सडकहरुलाइ प्राथमिकता दिइ जनसहभागिताका आधारमा निमाण काय गन प्राथमिकता दिइने र सडक निमाण गदा वातावरण तथा सामाजिक सुरक्षा विधि (Environment, Social Safeguard) बनाइ निमाण कायलाइ वातावरणमैत्री बनाइने अगाडी बढाइनुका साथै सडक सुरक्षालाइ प्राथमिकता दिइ सडक सुरक्षा योजना (Road Safety Plan) बनाइनेछ । निमाण पश्चातको ममत सम्भारलाइ सडक निमाण सँग आबद्ध गरिनेछ ।

५.४. यातायात संचालन संरचनाहरुको निमाण ममत संभार सुदृढिकरणमा लगानीमैत्री बनाइ स्रोत र साधनको उपलब्धतालाइ वृद्धि गरी सो सम्बन्धमा आवश्यक पन सेवा प्रदान गनुका साथै संचालन गन क्षमता तथा आत्मनिभरताको विकास हुने गरी संगठनात्मक संरचनाको व्यवस्था गरिनेछ ।

५.५. सडक निमाण गदा तथा ममत सम्भार गदा दीर्घकालीन आर्थिक समृद्धिलाइ मुल आधार बनाएर मापदण्ड तथा प्राथमिकता निधारण गरी लगानी गन नीति लिइनेछ ।

५.६. सामरिक तथा व्यापारिक मागहरु र राष्ट्रिय गौरवका आयोजनाभित्र पन यातायात सम्बन्धी संरचना, रेलमागको सम्भाव्यता अध्ययन र निमाणका लागि संघीय सरकारसँग समन्वय गरी काय अगाडी बढाइनेछ भने आर्थिक प्रतिफलको आधारमा प्रादेशिक स्तरका यातायात संरचनाको ममत तथा संभार र स्तरोन्नती प्राथमिकता कायम गरिनेछ ।

५.७. ट्राफिक सुरक्षा, वातावरण प्रभाव अनुकुल हुने गरी यातायात संरचनाको निमाण सुधार र यातायात साधनहरुलाइ व्यवस्थित गरिनेछ ।

५.८. प्रदेश स्तरका सहरी क्षेत्र र पयटकिय स्थलमा सौय तथा विद्युतीय यातायात संरचनाहरुको निमाण तथा सुधार र यातायात साधनहरुको संचालन र व्यवस्थित गन प्राथमिकता दिइनेछ साथै सानो दुरीमा पयटकसँग सम्बद्ध छोटो दुरीका यातायात संरचनाको रुपमा तार सडक (Wire Road) , केबुलकार, हरितमाग (Green Road) निमाणमा निजी क्षेत्रलाइ प्रोत्साहन गरिनेछ ।

५.९. यातायात संरचनाहरु सडक, रेलमाग, जलमाग, रोपवे, केबुलकार निमाण, संचालन, हस्तान्तरण (BOT) संचालन र हस्तान्तरण (OT) निमाण, स्वामित्व कायम तथा संचालन (BOOT) जस्ता प्रक्रिया माफत स्वदेशी तथा विदेशी निजी क्षेत्रहरुको लगानीलाइ आकर्षित एवं प्रोत्साहन गन, निजी क्षेत्रको लगानी आह्वान गदा सम्बन्धित यातायात संरचनाको साथै योजनाको प्रभाव क्षेत्रमा रोजगारी, आर्थिक क्रियाकलाप वृद्धि हुन सहुलियत र सरकारी प्रक्रियालाइ पारदर्शी, सरल, छिटो छरितो बनाइनेछ ।

५.१०. यातायात सेवालाइ सुरक्षित, भरपर्दो, सुविधाजनक, सवसुलभ बनाइ आम जनताको आर्थिक क्षमताभित्र रहने गरी यात्रुमैत्री बनाउने र सडक निर्माण कार्यमा आबद्ध जनशक्ति एवं श्रमिकहरुको दक्षता र कार्यक्षमतालाइ वृद्धि गर्दै आर्थिक एवं भौतिक सुरक्षाको प्रबन्ध गरिनेछ ।

५.११. सडकको डिजाइन अनुसार गति निर्धारण गरिनेछ, पहाडी सडकहरु, ग्रामीण पहाडी सडकहरु, लोकमार्गहरुको लागि छुट्टाछुट्टै गति सीमा निर्धारण गर्नुका साथै डिजाइन स्पिड कायम गर्न बाधा पुर्‍याउने गरी सडक अतिक्रमण गर्न अनियन्त्रित प्रवेश मार्ग, अस्थायी, स्थायी घर-टहरा निर्माण गर्न नदिने र निर्माण भैसकेको हकमा तत्काल हटाउने व्यवस्था गर्नुका साथै तोकिएको सेवा गुणस्तर तथा मापदण्ड अनुसारका यातायातका साधन संचालन सम्बन्धमा प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ । सबै यातायात सेवालाइ अत्यावश्यक सेवा मानी कानुन विपरित भएका कामकारबाही प्रति शुन्य सहनशीलताको नीति लागु गरी यातायात साधनलाइ पूर्ण सुरक्षित बनाइनेछ ।

५.१२. प्रदेश भित्रका सम्पूर्ण गाउँपालिका एवं नगरपालिकाहरुका केन्द्र, धार्मिक क्षेत्र, सेवा केन्द्र तथा पर्यटकीय क्षेत्रसम्म पक्की सडकद्वारा लोकमार्ग एवं रणनीतिक सडकसँग जोड्ने कार्यलाइ प्राथमिकता दिइनेछ । यस्ता सडक निर्माण गर्दा कम्तिमा पनि Double Lane Standard को मापदण्डमा निर्माण गरिने र सडक निर्माण गर्दा आवश्यक जग्गा स्वेच्छिक रुपमा प्राप्त गर्न स्थानीय तहसँग समन्वय गरिनेछ ।

५.१३. सडक निर्माणमा वैदेशिक सहयोग एवं प्रविधिको प्रयोग गरिनेछ र त्यस्तो वैदेशिक सहयोग प्रादेशिक आवश्यकता र मापदण्डको आधारमा मात्र लिइनेछ । दुर्घटनाको हिसाबले बढी जोखिमपूर्ण रहेका आवश्यक स्थानहरुमा सुरुङ्ग मार्गको निर्माण गरी सडक विस्तार गर्न कार्यमा जोड दिइनेछ ।

५.१४. समय अगावै काम सम्पन्न गर्न निर्माण व्यवसायीलाइ सामाजिक सम्मान र पुरस्कृत गर्न र समयमा काम सम्पन्न नगर्न निर्माण व्यवसायीलाइ कानूनबमोजिम कारवाहीको प्रक्रिया अगाडी बढाइनेछ ।

५.१५. यातायात संचालनमा निजी क्षेत्रको भुमिकालाइ प्रमुख रुपमा विस्तार गरिनेछ साथै हवाइ यातायात, केबुलकार, जलमार्गको समेत संचालन तथा विस्तारमा जोड दिइनेछ साथै संघ-प्रदेश साझेदारी, प्रदेश-स्थानीय सरकार साझेदारी र सरकारी-सहकारी साझेदारी, सहकारी-सहकारीबीच साझेदारी र सरकारी-निजी साझेदारीका आधारमा यातायात तथा सो सम्बन्धी पूर्वाधार निर्माण गरिनेछ ।

५.१६. यातायात क्षेत्रमा विगतमा रहेको चक्रीय प्रणाली (Syndicate) लाइ पूर्णरुपमा निरुत्साहित गरि पूर्ण प्रतिस्पर्धाका आधारमा संचालन गर्न अनुमती दिइने छ र यस सन्दर्भमा संघीय सरकारलाइ सहयोगीको भुमिका समेत निर्वाह गरिनेछ ।

५.१७. सहरी क्षेत्रमा सडक निर्माण गर्दा ढल, खानेपानी, टेलिफोन, विद्युत जस्ता अत्यावश्यकीय वस्तु तथा सेवाको वितरण प्रक्रिया सकभर सडक र फुटपाथ भन्दा बाहिर घुम्ने गरी अलग्गै व्यवस्था गर्न र साइकल लेनको छुट्टै व्यवस्था गरिनेछ ।

५.१८. दुर्गम क्षेत्र, पहाडी सडक, कच्ची सडकमा साना सवारी साधन र छोटा चेसिसका ट्रक तथा बसहरु मात्र चलाउन र ठुला सडकहरुमा भार कम गरी उपयुक्त Axle Load System ले सवारी चलाउने र पुराना सवारी साधनको आयातमा बन्देज लगाउने र कानूनद्वारा निश्चित अवधि तोकी साधनको सक्षमता (Road Worthiness) जाँच गर्न व्यवस्था गरिनेछ ।

५.१९. यात्रुहरुको सुविधाको लागि खाना, औषधी, यात्रामा उपयोग हुने अन्य सामग्री, पेट्रोलियम पदार्थ तथा सवारी साधन मर्मत संभारमा प्रयोग हुने अटोपार्टस तथा लुब्रिकेन्टस सरल र सुपथ मुल्यमा उपलब्ध गराउन र लामो दुरीका यातायातमा संलग्न चालकहरुलाइ आराम गर्नका लागि प्रदेशको सीमा क्षेत्र भित्रमा पायक पर्न उचित स्थानहरुमा पुनर्ताजगी केन्द्र (Refresh Center) को स्थापना गरिनेछ । यस कार्यको पूर्वाधार निर्माणका लागि प्रदेश सरकारको साझेदारीमा स्थानीय सरकार र निजी क्षेत्रलाइ समेत संलग्न गराइनेछ । यस कार्यका लागि आवश्यक पर्न कानून र निर्देशिका बनाइ कार्यान्वयनमा ल्याइने छ ।

५.२०. प्रदेशभित्र संचालनका लागि नयाँ दर्ता हुने यात्रुवाहक सार्वजनिक सवारी साधनहरुमा जि.पि.एस. प्रणाली (GPS System) अनिवार्य रुपमा लागु गर्न र यात्रुबाहक सवारी साधनहरुमा अनिवार्य रुपमा समय कार्ड (Time Card), सहरी क्षेत्र, लामो दुरीका यातायातका सवारी साधनमा सि.सि. क्यामरा जडान र सडकका घुम्तीहरुमा कन्भेक्स मिरर, सडकको किनारामा CATS EYE, ROAD PARAPET जडान तथा निर्माण गर्न ।

५.२१. सवारी साधनमा संलग्न कर्मचारीहरुलाइ अनिवार्य पोशाक, परिचयपत्र तथा निजहरुले पालना गर्नुपर्ने आचरसंहिताको पालनामा कडाइ, यात्रुको सामानको सुरक्षाको लागि ट्याग (Tag) प्रणाली यातायात क्षेत्रसँग लागु गरिनुका साथै यातायात साधनबाट निस्कने उपकरणजन्य फोहरको विसर्जनको उचित व्यवस्थापन गर्ने नीति लिइ यातायात क्षेत्रलाई बैज्ञानिक एवं सुविधायुक्त बनाइनेछ ।

५.२२. सवारी चालक अनुमति पत्र वितरण तथा नविकरण यातायात सेवा संचालन गर्दा पुरा गर्नुपर्ने प्रक्रिया, संचालन भइसकेका यातायात साधनको सालवसाली नविकरण, कर तथा दस्तुर भुक्तानीलाइ विद्युतीय प्रणाली मार्फत वितरण गर्ने व्यवस्था मिलाइ सेवाग्राही मैत्री बनाईनेछ ।

५.२३. प्रदेश स्तरमा निर्माण सामाग्रि परिक्षण प्रयोगशाला (Material Testing Laboratory) स्थापना र संचालन गरी निर्माण सामाग्रिको गुणस्तर कायम गरिनेछ ।

५.२४. सडक सौन्दर्यतालाई बृद्धि गर्न सडकको दायाँ बायाँ बृक्षरोपण, सरसफाइ, यात्रुबाट निस्कने फोहोरलाई उचित स्थानमा मात्र व्यवस्थापन गर्नुका साथै निस्चित स्थानमा मात्र यात्रु चढाउने ओराल्ने व्यवस्था मिलाइनेछ ।

५.२५. प्रदेश भित्रका नदी तथा खोलाहरुमा रहेका तुइनहरुलाई बिस्थापित गर्नुका साथै आवश्यक स्थानमा पैदल यात्रीहरुको सहजताका लागि झोलुङ्गे पुल तथा मोटरेवल पुलको निर्माण गरिनेछ ।

५.२६. प्रतिदिन बृद्धि भैरहेको सडक दुर्घटना न्यूनीकरणका लागि क्षमता भन्दा बढी यात्रु तथा सामाग्रि ओसारपसार गर्न नपाउने, ट्राफिक नियम पालना र यस सम्वन्धि कानुनमा कडाइ गर्नुका साथै सर्वसाधारणको चेतना बृद्धि गर्ने प्रचारात्मक कार्यक्रमहरु संचालन र प्रभावकारी अनुगमनको व्यवस्था गरिनेछ ।

## ६. विविधः

६.१. यो सवारी तथा यातायात नीति कार्यान्वयन गर्न आवश्यक कानूनी संरचना तयार गरिनेछ।

६.२. यस नीतिलाइ प्रत्येक पाँच-पाँच वर्षमा पुनरावलोकन गरिनेछ ।

६.३. यस नीतिमा नसमेटिएका, संघीय नीतिसँग बाझिएक विषयवस्तु संघीय सवारी तथा यातायात नीति अनुसार हुनेछ।

६.४. प्रदेश स्तरमा आवश्यक ऐन कानून, संस्थागत र जनशक्ति व्यवस्था नभएसम्म संघीय ऐन कानून, संस्थागत व्यवस्था र जनशक्ति परिचालन गरी यस नीतिअनुसार सम्पादन गर्नुपर्ने नियम र व्यवस्थापन कार्यहरु सम्पादन गरिने व्यवस्था मिलाइनेछ ।